# बागलुङका सडक : हिउँदमा धूलो, वर्षात्मा हिलो

डम्मर बुढामगर/हिटा

बागलुङ, ३२ साउन

बागलुङ बजारदेखि बुर्तिवाङ, निसीखोला हुँदै रूकुम पुग्ने राष्ट्रिय गौरवको आयोजनामध्ये पहाडी लोकमार्ग वर्षात्‌का कारण विभिन्न स्थानमा अवरुद्ध हुने र हिलाम्मे हुँदै आएको छ । बागलुङबाट निसी जान कुनै बेला एक दिन लाग्थ्यो भने अहिले निसीसम्मै सडक कालोपत्रे भएको छ । तर, बागलुङ बजारदेखि घोडाबाँधेसम्मको २५ किलोमिटर सडक कालोपत्रे भएको छैन । यही सडकमा घण्टौं सवारी फस्ने, जाम हुने र सडक अवरुद्ध हुँदै आउँदा नागरिकले सास्ती खेप्नुपरेको छ ।

हिउँदमा एक डेढ घण्टामा पार हुने घोडाबाँधेदेखि बागलुङ बजारसम्मको २५ किलोमिटर सडक बर्खामा चार घण्टासम्म लाग्ने गरेको छ । सडक हिलाम्मे, खाल्टाखुल्टी हुँदा सवारी फस्ने, बिग्रनेमात्र होइन दुर्घटनाको समेत जोखिम हुनेगरेको यात्रु सविना कुँवरले गुनासो गर्नुभयो । 'बागलुङको छेउमा जिल्ला सदरमुकाम छ, प्रशासनिक काम गर्न जिल्ला सदरमुकाम आउनै पऱ्यो', कुँवरले भन्नुभयो, 'कालोपत्रे नहुँदा सवारी दुर्घटनाको जोखिम मोलेरै भए पनि यात्रा गर्न बाध्य छौं, यो सडक कहिले कालोपत्रे होला भन्ने हामी बागलुङका पश्चिमवासीको चाहना छ ।'

मध्यपहाडी राजमार्गमात्रै होइन, अर्को राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर पनि बर्खा लागेपछि अवरुद्ध नै छ । सडक विभागलाई सडक हस्तान्तरण भएपछि झनै समस्यामा परेको छ । जिल्लाको दक्षिण क्षेत्र जोड्ने करिडोर बन्द छ भने बलेवा हुँदै कुस्मिशेरा जाने सडक मालढुंगापारि पटक-पटक पहिरो जाँदा निकै कष्टकर यात्रा गर्नुपर्ने यात्रुहरूको गुनासो छ । सडक दुर्घटनाको जोखिम मोलेर यात्रुहरू यात्रा गर्न बाध्य भएका छन् ।



*मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे खण्डको सडक ।*

बागलुङ नगरपालिकाभित्रैको रायडाँडा, भकुण्डे र तित्याङ नाम त्रैका सडक हुन् । बर्खा लागेपछि यात्रुलाई गन्तव्यमा पुग्न घण्टौं लाग्छ । तित्याङ र भकुण्डेसम्मका सडक सुधार नहुँदा रायडाँडामा निकै कष्टले मात्रै सवारी पुग्ने गरेको बागलुङ नगरपालिका-११ रायडाँडाका वडाध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो ।

भौगोलिक कारणले बागलुङका सडकहरू भिरालो पहाडमा खनिएको हुँदा बर्खा लागेसँगै पहिरो जाने, यात्रु ज्यान हत्केलामा राखेर यात्रा गर्नुपर्ने बाध्यतामा छन् । सडक सुधार भएर नगरबस सञ्चालनमा आइसकेको सिगानाको १२ किलोमिटर सडक पार गरेर पुग्नै अहिले एक घण्टाभन्दा बढी समय लाग्छ ।

हिउँदमा २५ मिनेटमा पार हुने सडक बर्खामा बिग्रएको छ भने काठेखोला गाउँपालिकाको रेश जाने सडक अवरुद्ध हुँदा र खोला बढ्दा सिगानाकै बाटो रेशमा सवारी गुड्ने गरेका छन् । सिगानाको आलामुनिमा रेश हिँडेका सवारी घण्टौं जाम हुने भएपछि स्थानीय युवा र सवारी धनी मिलेर सडक मर्मत गरेको स्थानीय कृष्ण खड्काले बताउनुभयो ।

बागलुङ बजारदेखि अछेते, भीमापोखरा हुँदै धम्जा जाने सडकको हालत उस्तै छ । सामान्यतया साढे दुई घण्टामा धम्जाको शिर ओख्ले पुग्न सक्ने सडक भीमापोखरा क्षेत्रमा बढी बिग्रिएको छ । अप्ठ्यारो घुम्ती तथा सवारी फस्ने स्थानमा ग्राभेल, ढलान र कतै नाली निर्माण गरिएको भए पनि अन्य स्थानमा सडक निकै जोखिमपूर्ण रहेको र भाडाबापत कमाएको रकम सवारीसाधन मर्मत गर्नै खर्च हुने सवारी चालक सागर श्रीसले बताउनुभयो ।

'सवारी कहाँ फस्छ, कतिबेला बिग्रन्छ भन्ने टुंगो छैन, यात्रुहरूको सेवाका लागि बर्खामा निकै जोखिम मोलेर सवारी चलाइन्छ, धम्जाको धेरै स्थानमा पानीका निकास नगर्दा सवारीसाधन फस्ने र चिप्लने गरेका छन् ।' श्रीसले भन्नुभयो, 'पञ्चकोट भीमापोखराको सडक निर्माण भइरहेकाले अहिले बन्द छ, त्यो सडक छोटो थियो, कहिलेकाहीं दुई तीन घण्टा नै सडकमा सवारी फस्ने गरेको छ, बर्खाको तीन-चार महिना सवारी चलाउनै मुस्किल छ, हिउँदमा अलि सहज हुन्छ ।'

जिल्लामा बर्खाको समय अधिकांश ग्रामीण सडक पहिरोका कारण बन्द हुँदै आएका छन् । स्थानीय तहले समय-समयमा बन्द सडक खुलाउँदै आएको भए पनि निकै जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य हुने गरेका छन् । जैमिनी नगरपालिका, बरेङ गाउँपालिकातर्फका सडकमा समेत बेला-बेलामा सवारी फस्ने र दुर्घटना हुँदै आएका छन् भने ताराखोला, तमानखोला पुग्ने सडकहरूसमेत दुर्घटना निम्ताउने खालका छन् । ठेकेदार कम्पनीले समयमा काम नगर्दा र सम्बन्धित निकायले कम चासो दिँदा यात्रुहरूले वर्षौंदेखि एउटै समस्या भोग्नुपरेको छ ।

# तलकोट गाउँपालिकाका सात हजार जनसंख्या खानेपानीको पहुँचमा



सत्यराज सिंह/हिटा

बझाङ, ३२ साउन

बझाङको तलकोट गाउँपालिका-२ रूपातोला घर हुनुभएका धञ्जय जोशी उमेरले ४२ वर्ष पुग्नुभयो । केही वर्षअघि लडेर घाइते हुनुभएका उहाँ अहिलेसम्म राम्रोसँग हिँड्डुल गर्न सक्नुहुन्न । लौरोको सहाराले चर्पी, धारा र भित्रबाहिर गर्नुहुन्छ । तलकोट गाउँपालिका र ग्रामीण जलस्रोत परियोजनाअन्तर्गत एक घर एक धारा निर्माणपछि अहिले आफूलाई धेरै सजिलो भएको जोशीले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अपांगता भएकाले टाढा जान सकिँदैनथ्यो । घरको आँगनमै धारा बनेपछि हातमुख धुन, नुहाउन सजिलो भएको छ । घरमा धारा नहुँदा समस्या भएको थियो ।' त्यस्तै तलकोट गाउँपालिका-१ सुनिकोट घर हुनुभएकी ६० वर्षीया केशमती ऐडीले पनि टाढाबाट पानी बोकेर खाएको सम्झँदै भन्नुभयो, 'अहिले घरमा धारा बनेपछि जति खेर पनि पानी भरेर ल्याउन सजिलो भएको छ ।' गाईवस्तुहरूलाई खुवाउन, चर्पी सफा गर्न र बालबच्चालगायत मलाई पनि सरसफाइ गर्न सहज भएको र टाढाबाट पानी बोकेर ल्याउनुपर्ने दुःख हटेको छ ।'

तलकोट गाउँपालिकाको आर्थिक वर्ष ०७४/०७५ देखि तलकोटको बडीगाउँ, धामीगाउँलगायत ठाउँबाट सुरु गरिएको खानेपानी योजना निर्माण पछिल्लो समयमा तलकोट गाउँपालिका-१ को तेलेकाँडा बहुउपयोगी खानेपानी योजनासमेत निर्माण भएको र तलकोट गाउँपालिकामा मात्रै हालसम्म एक हजार ६२ घरधुरीमा धारा बनेको र जसबाट सात हजार ३९५ जनसंख्या खानेपानीको पहुँचसँग जोडिएको जलस्रोत इन्जिनियर लोकेन्द्र ओलीले बताउनुभयो । जसमा तलकोट गाउँपालिकाको दुई करोड १८ लाख, उपभोक्ताहरूको जनश्रमदान दुई करोड ६१ लाख बराबर र पाँच करोड ३१ लाख नेपाल सरकार, फिनल्यान्ड सरकार र युरोपियन युनियनको सहयोगमा धारा निर्माण गरिएको छ । 'धारा निर्माणमात्र नभई गाउँपालिकासँग साझेदारीका रूपमा सिँचाइ पोखरी, जीविकोपार्जन, जलवायु परिवर्तनलगायतका क्षेत्रमा समेत ग्रामीण जलस्रोत परियोजनाले काम गर्दै आएको छ ।

घर-घरमा धारा बनेपछि पानी पिउनलाई मात्र नभई खेर गएको पानीलाई उपयोग गरी आयआर्जनमा जोड दिनुका साथै सुनिकोट सदरमुकाम चैनपुर नजिक भएकाले तरकारी पकेट क्षेत्र बनाउनुपर्ने र ग्रामीण जलस्रोत परियोजनाले गरेका कामहरू समुदायमा प्रभावकारी तथा बहुउपयोगी भएको जिल्ला समन्वय समिति प्रमुख खडकबहादुर खड्काले बताउनुभयो । २०७४ सालमा स्थानीय चुनाव भई आफू गाउँपालिका अध्यक्ष भएपछि स्थानीय सरकारसँग साझेदारी गरी काम गर्नुपर्छ भन्दै तलकोट गाउँपालिकामा खानेपानी निर्माणका कामदेखि अन्य क्रियाकलापहरू गर्दै आएको र योजनाहरूलाई दिगो बनाउन तथा धेरै वर्षसम्म बचाइराख्न गाउँपालिकामात्रै नभएर व्यक्ति, परिवार, समुदायको सबैभन्दा बढी भूमिका हुने भएकाले धारा निर्माण भएका घरधुरीले मासिक मर्मत कोषको व्यवस्थामा ध्यान दिनुपर्ने तलकोट गाउँपालिका अध्यक्ष लालबहादुर विष्टले बताउनुभयो ।

# मधेसी र मुस्लिम किशोरीका लागि छात्रा कलेज सञ्चालन गर्दै नेपालगञ्ज

शुभाकर विश्वकर्मा/हिटा

नेपालगञ्ज, ३२ साउन

बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाले छात्रा कलेज सञ्चालनको प्रक्रिया अघि बढाएको छ । नेपालगञ्जमा रहेका मधेसी र मुस्लिम समुदायका छात्राहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रा कलेज स्थापनाको प्रक्रियाको थालनी गरिएको हो । सीमान्तकृत समुदायका रूपमा रहेका मधेसी र मुस्लिम समुदायका छात्राहरूमा शैक्षिक जागरण गराउने उद्देश्यले उपमहानगरपालिकाले आफ्नै स्वामित्व र संरक्षकत्व रहने गरी छात्रा कलेज स्थापना गर्न लागेको हो । अहिले उक्त कलेजको संरचना निर्माण कार्य तीव्ररूपमा भइरहेको नेपालगञ्ज उपमहानगरपालिकाले जनाएको छ ।

नगरप्रमुख डाक्टर धवलशमशेर राणाले महिला कलेज सञ्चालनका लागि भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । उपमहानगरपालिकाको गौरवको योजनाका रूपमा रहेको भन्दै उहाँले स्वायत्त हुने पनि बताउनुभयो । राणाले मधेसी र मुस्लिम समुदायका छात्राहरूका लागि मुख्य लक्षित गरी कलेज स्थापना गर्न लागिएको दाबी गर्नुभयो । अहिले मंगलप्रसाद उच्च माविमा कलेज स्थापनाका लागि ४० कोठे भवन तयार भइसकेको छ ।

नगर उपप्रमुख उमा थापा मगरले समाजमा पछाडि परेका समुदायका छात्राहरूलाई उच्च शिक्षामा प्रवेशका लागि कलेज सञ्चालन गर्न लागिएको बताउनुभएको छ । उक्त कलेजमा राजनीतिक प्रभावबिना निष्पक्ष भएर शिक्षण गरिने उहाँको भनाइ थियो । यस शैक्षिक सत्रदेखि बीएससी सीएसआइटी र बीएड कक्षा सञ्चालन अनुमतिका लागि केही दिनमै प्रस्तावनापत्र मध्यपश्चिम विश्वविद्यालयमा पेश गरिने नेपालगञ्ज उपमहानगरपालिका शिक्षा महाशाखाले जनाएको छ । यसैबीच छात्रा कलेज सञ्चालनका लागि सञ्चालक समिति गठन गरिएको छ । विजय गुप्ताको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरिएको हो । मधेसी आयोगका सदस्यसमेत रहनुभएका गुप्ता अध्यक्ष रहेको ११ सदस्यीय सञ्चालक समितिका सदस्यहरूमा रविन्द्र कर्ण, अनिता साह, मैमुना सिद्धिकी, नमस्कार साह, कौसलकुमार धोवी, मोहम्मद खालिद इकवाल इराकी, चन्द्रशेखर पाण्डे, दीपाली टण्डन गुप्ता रहनुभएको छ । समितिको सदस्य-सचिव क्याम्पस प्रमुख र शिक्षा महाशाखाबाट पनि समितिमा प्रतिनिधित्व हुने बताइएको छ । यसैगरी नगरप्रमुख राणाको संयोजकत्वमा डाक्टर एम किदवाई, डाक्टर कौशलकुमार बर्मा, परवेज अली सिद्धिकी र सशी स्वार रहेको सल्लाहकार समिति गठन गरिएको छ । उक्त कलेजमा छात्राहरूले मात्र अध्ययन गर्नेछन् ।

## अवैध डिजल ओसारपसार गर्ने भारतीय मालवाहक सवारी प्रहरी नियन्त्रणमा

**दीपक घिमिरे/भैरहवा ।** रूपन्देहीबाट अवैधरूपमा इन्धन ओसारपसार गर्ने भारतीय मालवाहक सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । नेपालमा सस्तो मूल्यमा किनेर भारतमा जाँदै गरेको अवस्थामा रूपन्देही प्रहरीले मालवाहक सवारीसाधनलाई नियन्त्रणमा लिएको हो । प्रहरीले आर. जे. ०२ जिवी ४०५६ नम्बरको २२ चक्के लरीलाई अवैध तरिकाले इन्धन ओसारपसार गरेको आरोपमा इलाका प्रहरी कार्यालय बेलहियाबाट खटिएको टोलीले नियन्त्रणमा लिएको हो । प्रहरीले गाडीका चालक र सहचालकसमेतलाई पक्राउ गरेको जनाएको छ । उक्त मालवाहक सवारीमा दुईवटा अतिरिक्त ट्यांकी जडान गरी पाँच सय लिटर अर्थात ४० लाख चार हजार मूल्य बराबरको डिजल भारततिर लैजाँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सात (७) दिने सूचना

**प्रकाशित मिति: २०७८/०५/०१**

साविक नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. प्राप्ति (एक्विजिशन) भै सकेकोले उक्त संस्थाको नाममा तथा यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र यस बैंकको प्रधान कार्यालय नारायणहिटी पथ काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको आठ (८) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाडौंमा दिनको ४:०० बजे खोलिनेछ । बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :**

१. काठमाडौं जिल्ला, साल्खा गा.वि.स. वडा नं. ८घ स्थित कि.नं. २९८ को क्षे.फ.१-०-०-० र साल्खा गा.वि.स. वडा नं. ८ ग स्थित कि.नं. १२४ को क्षे.फ. १-०-०-०, कि.नं. १२५ को क्षे.फ. ०-८-०-०, कि.नं. १३२ को क्षे.फ. १-०-०-० र कि.नं. १२१ को क्षे.फ. १-०-०-० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा भएका सम्पूर्ण लिगलगापात समेत ।
२. काठमाडौं जिल्ला, सुन्टोल गा.वि.स. वडा नं. ८ ढ स्थित कि.नं. ९९ को क्षे.फ ०-६-०-०, कि.नं. १०२ को क्षे.फ. ०-१०-०-० र कि.नं.१०१ को क्षे.फ. १-०-०-० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा भएका सम्पूर्ण लिगलगापात समेत ।
३. काठमाडौं जिल्ला, फर्पिङ्ग भिमसेनस्थान गा.वि.स. वडा नं. ६ ख स्थित कि.नं. १०२ को क्षे.फ. १-२-०-० (रोपनी) भएको जग्गा तथा सो जग्गामा भएका सम्पूर्ण लिगलगापात समेत ।
४. काठमाडौं जिल्ला, लप्सीफेदी गा.वि.स. वडा नं. ८ झ स्थित कि.नं. १४१ को क्षे.फ. ३-७-०-०, कि.नं. १४२ को क्षे.फ. ३-७-२-०, कि.नं. १४३ को क्षे.फ. ३-७-२-०, कि.नं. १४४ को क्षे.फ. ३-७-२-० र कि.नं. १४५ को क्षे.फ. ३-७-२-० र लप्सीफेदी गा.वि.स. वडा नं. ६ ङ स्थित कि.नं. ३२० को क्षे.फ. ८-१०-०-० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा भएका सम्पूर्ण लिगलगापात समेत ।

**शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरु मध्ये सबै भन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेसन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**गोप्य शिलबन्दी खोल्ने मिति : २०७८/०५/०९ गते बुधबार ।**
**समय : दिनको ४:०० बजे ।**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाडौं ।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA



## Invitation for Bids

**Government of Nepal (GoN)**

**Office of Solududhkunda Municiaplity**

**Invitation for Bids for the Construction of Pattale Park**

**Contract Identification No: 078/79/cons/01**

**Date of publication:17/08/2021**

1. The Government of Nepal [GoN] **has allocated funds** the cost of Construction of pattale park] and intends to apply part of the funds to cover eligible payments under the Contract **for 078/79/cons/01**. Bidding is open to all eligible as per Section V of bidding document..
2. **Office of Solududhkunda Municipality** invites bids from eligible bidders for the construction of **construction of pattale park** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[NRs 5,20,00,000]**
   - Minimum Work experience of similar size and nature: **Construction of park of similar nature** with a value of at least NRs 5,50,00,000,
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document ( Nrs 5000) in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank
   **Name of Office :** Solududhkunda Municiaplity
   **Office Account no.:** 2020100301010005
6. Pre-bid meeting shall be held at **Office of solududhkunda municipality** at **13:00 hours on 30/8/2021**.
7. Sealed or electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hours** on 17/09/2021. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 17/09/2021** at the **office of Office of Solududhkunda Municipality** Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **Nrs 17,20,000** which shall be valid for 30 days beyond the validity period of the bid .
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.